देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

## सरुमारानी गाउँपालिका, कार्यपालिकाको तिसौं बैठकका प्रस्तावहरु

मिति २०८०।०९।१९ गते

१. प्रगति समिक्षा सम्बन्धमा ।

२. संघीय समपुरक अनुदानको प्रस्ताव पेश सम्बन्धमा ।

३. संघीय विशेष अनुदानको प्रस्ताव पेश सम्बन्धमा ।

४. नदिजन्य पदार्थ (ढुंगा, गिट्टि र वालुवा) निकासी सम्बन्धमा ।

५. नवप्रवर्तनमा आधारित आर्थिक विकास कार्यक्रमको प्रतिबद्धता सम्बन्धमा ।

६. प्रतिबद्ध-३ परियोजना कार्यान्वयनको लागि समझदारी सम्बन्धमा ।

७. किमिचौर माघिमेला,हंशपुर कोटघर मेला व्यबस्थापन सहयोग सम्बन्धमा ।

८. विभिन्न कार्यविधिहरु सम्बन्धमा ।
- उपभोक्ता समिति दर्ता कार्यविधि, २०८० सम्बन्धमा ।
- सार्वजनिक जग्गामा वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८० सम्बन्धमा ।
- निजी वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८० सम्बन्धमा ।

९. सडक बोर्ड नेपाल तर्फका योजना छनौट सम्बन्धमा ।

१०. चालु आ.ब.को विशेष अनुदान कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

११. स्थानीय तहको संस्थागत स्वमुल्यांकन सम्बन्धमा ।

१२. भलिवल खेलाडीहरुको खर्च रकम भुक्तानी सम्बन्धमा ।

१३. प्रदेश शुसासन केन्द्रको योजना माग पत्र सम्बन्धमा ।

१४. विभिन्न योजनाहरुको मर्मत संभार सम्बन्धमा ।

१५. कृषि तथा पशुपंक्षि उद्यमशिलता परियोजनाको कार्यक्रम स्वीकृत सम्बन्धमा ।

१६. योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।

१७. विविध सम्बन्धमा ।
- सिप विकास तालिम सम्बन्धमा ।
- अपाङ्गता परिचयपत्र सम्बन्धमा ।
- रिक्त कर्मचारी पदपुर्ती सम्बन्धमा ।
- दर्भान प्रहरीचौकी रंगरोगन सम्बन्धमा ।
- धानको न्यूनतम समर्थन मूल्य निर्धारण सम्बन्धमा ।
- अनाथ बालवालिका परिचयपत्र सम्बन्धमा ।
- हंशपुर स्वास्थ्य चौकीको एम्बुलेन्स मर्मत सम्बन्धमा ।

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्युठान
लुम्बिनी प्रदेश,नेपाल
२०७३

CamScanner

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झगा बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

# बैठक संख्या-३०

## गाउँकार्यपालिकाको तिसौं बैठकका निर्णयहरु-२०८०।०९।१९ गते

### निर्णय नं. १. प्रगति समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८०।०८।८ गतेको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको विषयमा जानकारी एवं छलफल भयो। अधिकांश निर्णयहरु कार्यान्वयन भएको जानकारी भयो । साथै गाउँपालिकाबाट र वडा कार्यालयहरुबाट चालु आ.ब.को यस अवधिमा भएका विभिन्न कृयाकलापहरु जस्तैः विभिन्न खोप कार्यक्रम, बजार अनुगमन, व्यक्तिगत घटना दर्ता, सामाजिक सूरक्षा कार्यक्रम, विद्यालय अनुगमन, वडा कार्यालय र स्वास्थ्य संस्थाबाट भएका सेवा प्रवाह, योजना तथा कार्यक्रमहरुको कार्यान्वयन तथा अनुगमनको विषयमा जानकारी, छलफल एवं समिक्षा भयो ।

### निर्णय नं. २ संघीय समपुरक अनुदानको प्रस्ताव पेश सम्बन्धमा ।

प्रस्ताव न.२ माथि छलफल गर्दा राष्ट्रिय योजना आयोगको मिति २०८०।०८।३० गते प्रकाशित सूचना अनुसार आर्थिक बर्ष २०८१/०८२ को लागी समपुरक अनुदानको लागी प्रस्ताव माग भएकोमा विगत आर्थिक बर्ष कार्यान्वयनमा रहेको तपशिलको योजना सम्पन्न हुन बाकी रहेको र गाउँपालिकाको पहिलो प्राथमिकतामा परेको योजना भएकोले सो योजनाको लागि रु २,००,२५,०००/- प्रस्ताव तयार गरी पठाउने साथै सो योजनाको लागि गाउँपालिकाले व्यहोर्नु पर्ने नियमानुसारको लागत साझेदारी रकम यस गाउँपालिकाबाट व्यहोर्ने निर्णय गरियो ।

तपशिल

| सि.न | योजनाको नाम | योजना स्थल | आ.ब.२०८१/०८२ लागी अनुमानित बजेट | | |
|---|---|---|---|---|---|
| | | | समपुरक अनुदान रु | स्थानीय तहको साझेदारी रु | जम्मा |
| १ | ऐरावती बङ्गाडा पुठाखोला दाङ्ग सडक स्तरउन्नोति योजना **(क्रमागत-अधुरो)** | सरुमारानी गाउँपालिका वडा न. ३, ४, ५ र दाङ्गको बंगलाचुली गाउँपालिका | १ करोड मात्र | १ करोड २५ हजार | २ करोड २५ हजार मात्र |

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झगा बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झगा बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

## निर्णय नं. ३ संघीय विशेष अनुदानको प्रस्ताव पेश सम्बन्धमा ।

प्रस्ताव न.२ माथि छलफल गर्दा राष्ट्रिय योजना आयोगको मिति २०८०।०८।३० गते प्रकाशित सूचना अनुसार आर्थिक बर्ष २०८१।०८२ को लागी विशेष अनुदान अन्तर्गत दुर्गम तथा आर्थिक रुपले पछाडी परेको यस गाउँपालिकाको दुर्गम वडा न. ६ मा खानेपानी तथा सरसफाई आयोजना र आधारभूत स्वास्थ्य सेवालाई सहयोग पुग्ने पोषण मैत्री शासनको शिर्षकमा तपशिलको योजना कार्यक्रमको प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | कार्यक्रमको नाम | कार्यान्वयन हुने स्थान | प्रस्तावित बजेट रु. | आ.ब.२०८१।०८२ | आ.ब.२०८२।०८३ | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सरुमारानी बृहत लिफ्ट खानेपानी तथा सरसफाई आयोजना-बहुबर्षिय | सरुमारानी गाउँपालिका वडा न. ६ बुढिचौर क्षेत्र | तिन करोड पचास लाख | एक करोड पचास लाख | दुईकरोड | २ बर्षिय योजना |
| २ | पोषणमैत्री स्थानीय वडा/वस्ती कार्यक्रम | सरुमारानी गाउँपालिका | साठीलाख | साठीलाख | 0 | सालब साली |

## निर्णय न.४ नदिजन्य पदार्थ (ढुंगा, गिट्टि बालुवा)को निकासी खोल्ने सम्बन्धमा ।

क) यस सरुमारानी गाउँकार्यपालिका अन्तर्गत रासि नदिका विभिन्न स्थानबाट नदिजन्य पदार्थ उन्खनन संकलन र निकासीका लागी स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) अनुसार नदिजन्य पदार्थ (ढुंङ्गा, गिट्टि र वालुवा) को उत्खनन तथा निकासीका लागी राष्ट्रपति चुरे मधेश संरक्षण विकास समितिबाट प्राप्त अनुमती अनुसार ढुंङ्गा, गिट्टि र वालुवाको व्यवसायिक संकलन तथा बिक्रि वितरणको लागी यस कार्यालयबाट मिति २०८०।०८।१४ गते र २०८०।०९।०२ गतेमा बोलपत्र सुचना आव्हान गरिएकोमा कुनै फर्मवाट निवेदन पर्न नआएको हुनाले लुम्बिनी प्रदेश सरकारको नदिजन्य पदार्थ ब्यवस्थापन कार्यविधि, २०७५ बमोजिम गाउँपालिका भित्रका विकास निर्माणका कार्यहरुलाई अगाडी बढाउन आन्तरिक खपतको प्रयोजनको लागि सरुमारानी गाउँपालिकामा कार्यरत कर्मचारीहरु परिचालन गरी ढुंङ्गा, गिट्टि र वालुवा उत्खनन, संकलन निकासी तथा व्यवस्थापन कार्य तपशिलका शर्त अनुसार २०८०।०९।२२ गते देखी सुरु गर्ने निर्णय गरियो

**तपशिल**

- ढुंङ्गा, गिट्टि र वालुवा उत्खनन र निकासीका लागी निम्न तोकिएका स्थानहरुबाट मात्र उत्खनन र निकासी गर्नु पर्ने

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
२०७३



देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झगा बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

| सि .न. | नदी वा खोलाको नाम | **स्वीकृत क्षेत्र** | **बार्षिक** उत्खनन् गर्न सकिने परिमाण घ.मी. | कैफियत |
|---|---|---|---|---|
| १ | राप्ती नदी | झिलिवाङ्ग धाद्र बगर | ६००००.०० | |
| २ | राप्ती नदी | तित्रिबाझ बेलघाट बगर | २२९५०.०० | |
| ३ | राप्ती नदी | सुनघाट वगर | २१६५५.०० | |
| ४ | राप्ती नदी | ददेरी घाट वगर | ४७२५०.०० | |

- प्रदेश सरकारले निर्धारण गरेको ढुंङ्गा, गिट्टि र वालुवाको दररेट अनुसार भ्याट सहित प्रति टेक्टर रु. ५४५/-, ६ चक्के टिप्परको प्रति टिप्पर रु. १६८०/-, ८ चक्के टिप्परको प्रति टिप्पर रु. २०४०/- १० चक्के टिप्परको प्रति टिप्पर रु. २६४०/- का दरले नगदि रसिद काटी तोकिएको रकम भुक्तान गरे पछि मात्र टेक्टर/टिप्पर लिएर खोलामा जानु पर्नेछ।तोकिएका स्थानबाट गाउँपालिकाबाट खटिएका कर्मचारी बाहेक अन्य ब्यक्तिले नगदि रसिदको प्रयोग गर्न नपाईने ।
- ढुंङ्गा, गिट्टि र वालुवाको निकासी, उत्खनन र व्यबस्थापनको मिति २०८०।०९।२२ गते देखी २०८० जेष्ठ मसान्त सम्म मात्र लागु हुने ।
- २०८० फागुन मसान्त सम्म प्रत्येक दिन विहान ७.०० बजे देखि साझ ५.०० बजे भित्र र २०८० चैत्र महिना देखी २०८१ जेष्ठ मसान्त सम्म विहान ६.३० बजे देखी साझ ६.३० बजे सम्म ढुंङ्गा, गिट्टि र वालुवा खोलाबाट निकासी गर्न पाईनेछ सो भन्दा अन्य समयमा निकासी गरेको पाईएमा नियमानुसार दण्ड जरिवाना गर्ने ।
- जो कसैले ढुंङ्गा, गिट्टि र वालुवाको निकासी गर्दा माथीका बुदाँहरुमा तोकिएको समय, क्षेत्र र शर्तहरुको नियम पालना नगरेमा टेक्टरहरुलाई प्रति टेक्टर पहिलो पटक कारवाही स्वरुप रु. ५,०००/- र दोश्रो पटक देखी प्रतिपटक रु. ५,०००/- का दरले थप जरिवाना र टिप्परहरुलाई प्रति टिप्पर पहिलो पटक कारवाही स्वरुप रु. १०,०००/- र दोश्रो पटक देखी प्रति पटक रु. १०,०००/- का दरले थप जरिवाना गर्ने।
- जो कसैले ढुंङ्गा, गिट्टि र वालुवा लगेर अनावश्यक रुपमा गैर कानुनी ढंगले डम्पिङ्ग गरेको पाईमा नियमानुसार कार्वाही गर्ने ।
- यस कार्यमा कार्यालयबाट खटाईएका कर्मचारीहरुलाई दैनिक रु ७६५/- थप सुविधा उपलब्ध गराउने ।

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

भगा बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वडडाँडा प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झगा बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

ख) माडी खोला क्षेत्रका कुडुले, नौघाट र पनाहा क्षेत्रबाट ढुंङ्गा, गिट्टि र वालुवाको निकासी गर्दा माथीका बुदाँहरुमा तोकिएको समय, क्षेत्र र शर्तहरुको नियम पालना गरी कुडुले घाटबाट निकालिने नदिजन्य पदार्थको ४ न. वडा कार्यालय र नौघाट र पनाहा घाटबाट निकालिने नदिजन्य पदार्थको ३ न. वडा कार्यालयबाट नगदी रसिद काटी निकासी गर्नु पर्नेछ ।

**निर्णय नं. ५. नवप्रवर्तनमा आधारित आर्थिक विकास कार्यक्रमको प्रतिबद्धता सम्बन्धमा ।**

प्रस्ताव न ५ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्रोत परिचालन समन्वय शाखा) को च.न. ३१ मिति २०८०।०९।०५ को पत्र अनुसार नवप्रवर्तनमा आधारित आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि, २०८० अनुसार कार्यक्रम कार्यान्वयनमा सहभागि हुने र उक्त कार्यविधिको दफा ४२ बमोजिम गाउँपालिकाले ब्यहोर्नु पर्ने रु ७५,००,०००।– को १५ प्रतिशतले हुने रु.११,२५,०००/- रकम ब्यहोर्न यस गाउँपालिका तयार भएकोले प्रतिवद्धता पत्र पेश गर्ने निर्णय गरियो ।

**निर्णय न. ६. प्रतिबद्ध-३ परियोजना कार्यान्वयनको लागि समझदारी सम्बन्धमा ।**

प्रस्ताव न. ५ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकामा विपद्संग सम्बन्धित विभिन्न विषयमा कार्यक्रम संचालन गर्न प्रतिबद्ध-३ परियोजनाको प्रभावकारी सहकार्य र सहजीकरण गर्न यस गाउँपालिका र (People in need (PIN) /पिपुल ईन नीड(पिन) संस्था वीच समझदारी पत्रमा हस्ताक्षर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ किमिचौर माघिमेला, हंशपुर कोटघर मेला व्यबस्थापन सहयोग सम्बन्धमा ।**

प्रस्ताव न. ७ माथि छलफल गर्दा यस गाउँपालिकाको चालू आ.ब. २०८०।०८१ को बार्षिक स्वीकृत कार्यक्रम अन्तरगत किमिचौर माघिमेला, हंशपुर कोटघर मेला व्यबस्थापन सहयोग शिर्षका विनियोजित रकम मध्ये किमिचौर माघिमेलाको लागि रु. ७५,०००/- र हंशपुर कोटघर मेला व्यबस्थापन सहयोगको लागि रु. ७५,०००/- बाडफाँड गर्ने निर्णय गरियो ।

**निर्णय न. ८ विभिन्न कार्यविधिहरु सम्बन्धमा ।**

प्रस्ताव न. ८ माथि छलफल गर्दा यस गाउँपालिकाबाट तयार गरिएका तपशिलका कार्यविधिहरुलाई स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

- उपभोक्ता समिति दर्ता कार्यविधि, २०८० सम्बन्धमा ।
- सार्वजनिक जगगामा वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८० सम्बन्धमा ।
- निजी वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८० सम्बन्धमा ।

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वडडाँडा प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झगा बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

CamScanner

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

**निर्णय नं. ९. सडक बोर्ड नेपाल तर्फका योजना छनौट सम्बन्धमा ।**

प्रस्ताव न. ९ माथि छलफल गर्दा सडक बोर्ड नेपालको च.न. ४६८ मिति २०८०।०८।०१ गतेको पत्र अनुसार स्थानीय सडक मर्मत कार्यका लागि रु २१,००,०००/- बजेट स्वीकृत भई आएको र सो स्थानीय सडक मर्मत कार्यका लागि गाउँपालिकाले कुल लागतको ३० प्रतिशत रकम ब्यहोर्नु पर्ने भएकोले यस कार्यक्रम अन्तर्गत तपशिलको सडक छनौट गरी कुल लागतको ३० प्रतिशतले हुने रकम गाउँपालिकाको ब्यहोर्ने प्रतिवद्धता गरियो ।

योजनाको नाम:

- स्वर्गद्धारीगेट गनाहा बंगलाचुली जोड्ने मो.बा.स्तरउन्नोती योजना वडा न. २

**निर्णय नं. १०. चालू आ.ब.को विशेष अनुदान कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।**

प्रस्ताव न. १० माथि छलफल गर्दा चालू आ.ब.को विशेष अनुदान कार्यक्रम कार्यान्वयन निम्नानुसार गर्ने निर्णय गरियो ।

- जेष्ठ नागरिकहरुलाई सामाग्री सहयोग शिर्षकबाट गत बर्ष सामाग्री सहयोग नपाएका जेष्ठ नागरिकहरुलाई एक/एक वटा बलाङ्गकेट खरिद गरी उपलब्ध गराउने ।
- विधालयमा प्रविधिमैत्री सामाग्री खरिद तथा वितरण शिर्षकबाट विद्यालयको माग अनुसार खरिद गरी उपलब्ध गराउने ।
- अपाङ्गता भएका ब्यक्तिहरुको लागी सामाग्री सहयोग शिर्षकबाट वडाहरुबाट सामाग्रीको माग संकलन गरी सामाग्री खरिद गरी उपलब्ध गराउने ।
- वडहरुमा गठन भई गाउँपालिकामा दर्ता भएका टोल विकास संस्थाहरुको ब्यबस्थापन तथा संस्थागत विकासको लागि प्रत्येक टोल विकास संस्थालाई सामाग्री राख्नको लागि एक/एक वटा वाकस, लेटरप्याड, छाप, रजिस्टर, स्टेचिङ्ग, पन्चिङ्ग लगाएतका सामाग्री खरिद गरी उपलब्ध गराउने, साथै प्रत्येक टोल विकास संस्थालाई संस्थासंचालन खर्च एकमुष्ट रु.२०००।-का दरले उपलब्ध गराउने ।
- सबै वडाहरुबाट महिला, दलितबर्ग, विपन्न परिवार, युवाहरुको लागि तालिमको आवश्यकता पहिचान सम्बन्धि विवरण संकलन गरी आगामी बैठकमा पेश गर्ने ।
- अतिविपन्न परिवारका वालवालिकाको लागी झोला, कपडा, कापीकलम जस्ता शैक्षिक सामाग्री वितरणको लागि विधालयबाट विवरण संकलन गरी कार्यालयबाट खरीद गरी उपलब्ध गराउने ।

**निर्णय नं. ११. स्थानीय तहको संस्थागत स्वमुल्यांकन सम्बन्धमा ।**

प्रस्ताव न. ११ माथि छलफल गर्दा स्थानीय तह सस्थागत क्षमता स्वमूल्याकन कार्यविधि २०७७ (संशोधन समेत) बमोजिम सरुमारानी गाउँपालिकाको आ.व. २०७९।०८० को कार्यप्रक्रिया र उपलब्धिको आधारमा मूल्यांकन गर्दा प्रारम्भिक रुपमा ७९.० अंक प्राप्त भएको जानकारी भयो साथै यो



देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

CamScanner

नतिजामा जिल्ला समन्वय समितिले दिएको सुझाव समावेशी पश्चायतको परिणामलाई सार्वजनिक गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२. भलिवल खेलाडीहरुको खर्च रकम भुक्तानी सम्बन्धमा ।**

प्रस्ताव न. १२ माथि छलफल गर्दा माण्डवी गाउँपालिकामा आयोजित खेलमा उपलब्ध गराईएको जर्सी छपाईको रकम रु. १५०००/-, माणडवी गाउँपालिकामा आयोजित खेलकुद प्रतियोगितामा यस गाउँपालिकाबाट सहभागीहरुको खाना, बस्न र नास्ता वापतको रकम रु. २५,०००/-, नौबहिनी गाउँपालिकाको आयोजनामा भएको खेल कार्यक्रममा यस गाउँपालिकाबाट सहभागीहरुको खाना, बस्न र नास्ता वापतको रकम रु. २५,०००/ र भलिवल खेलाडीहरुको लागि उपल्बध गराईए जर्सी छपाईको रकम रु.११३००/- यस गाउँपालिकाले भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १३. प्रदेश शुसासन केन्द्रको योजना माग पत्र सम्बन्धमा ।**

प्रस्ताव न. १३ माथि छलफल गर्दा प्रदेश शुसासन केन्द्र नेपालगंज, बाकेको च.न. १०८ मिति २०८०।८।१२ को पत्र अनुसार आवधिक योजना, क्षमता विकास योजना तथा राजश्व सुधार योजना निर्माण मध्ये एक कार्यक्रम संचालन माग भएकोले यस गाउँपालिकाको प्रथम आवधिक योजना निर्माण भएता पनि उक्त योजनामा संघ, प्रदेश सरकारको आवधिक योजना, गाउँपालिकाको मध्यकालिन खर्च संरचनासंगको अन्तरसम्बन्ध मिलाउनु पर्ने, आवधिक योजनामा भौगोलिक सूचना प्रणाली सम्बन्धि नक्सासम्बन्धि नक्सा, तथ्यांकहरुको विश्लेषणमा कमी हुदाँ आवधिक योजना कार्यान्वयनमा कठीनाई भएको साथै उक्त आवधिक योजनाको समिक्षा गरी जनप्रनिधिहरुको दोश्रो कार्यकाल सम्मको अवधिलाई समावेशगरि पुर्नलेखन गर्नु पर्ने भएकोले आवधिक योजना निर्माणको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४. विभिन्न योजनाहरुको मर्मत संभार सम्बन्धमा ।**

प्रस्ताव न. १४ माथि यस गाउँपालिका अन्तर्गत वडान. ३ को श्री बालकल्याण आधारभूत विद्यालय सजिकोटमा दिवाखाजा भान्छा घर बनाउन मर्मत संभार शिर्षकमा बचत भएको रकमबाट रु.२०,०००/- र वड्डाडा टुँडीखेल मर्मतको लागि रु. २०,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १५. कृषि तथा पशुपंक्षि उद्यमशिलता परियोजनाको कार्यक्रम स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिका र हेफर प्रोजेक्ट नेपाल वीच मिति २०८०।०८।१३ मा कृषि तथा पशु उद्यमशिलता विकास परियोजना संचालनको लागि गरिएको संझौता अनुसार संचालन गरिने क्रियाकलापहरुको सम्बन्धमा मिति २०८०।९।१२ गते बसेको परियोजना अनुगमन, कार्यान्वयन तथा अभिमुखिकरण कार्यक्रममा पेश भएको गाउँपालिका तर्फको रु. ७५,००,०००/- र हेफर प्रोजेक्ट नेपालको रु. २४,५०,८७८/- बराबरको चालु आ.ब. २०८०।०८१ को वार्षिक कार्यक्रम तथा बजेटलाई स्वीकृति गर्ने निर्णय गरियो ।

दैविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

**निर्णय न. १६ योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।**

यस गाउँपालिकाको चालू आ.ब.को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत तपशिलका योजना तथा कार्यक्रमहरुलाई यस पछि बस्ने गाउँसभावाट अनुमोदन हुने गरी संशोधन तथा रकमान्तरण गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | स्वीकृत योजनाको नाम | स्थान | बजेट रु | संशोधित योजनाको नाम | स्थान | बजेट रु |
|---|---|---|---|---|---|---|
| १ | साविक वडा न. ३ को सिचाईकुलो निर्माण | वडा न. १ | १५००००।- | साविक वडा न. ३ को सिचाईको लागी मोटरपाईप खरिद | वडा न. १ | १५००००।- |
| २ | स्वर्गद्धारीगेट गनाहा बंगलाचुली जोड्ने मो.बा.स्तरउन्नोती योजना | वडा न. २ | ८०००००/- | स्वर्गद्धारीगेट गनाहा बंगलाचुली जोड्ने मो.बा.स्तरउन्नोती योजना-सडक बोर्ड नेपालको योजनामा साझेदारी रकम । | वडा न. २ | ८०००००/- |
| ३ | ददेरी खानेपानी सम्पवेल संरक्षण तथा मर्मतसंभार | वडा न. २ | ५०००००।- | सत्य मा.वि. ददेरी अधुरव भवन निर्माण | वडा न. २ | २०००००।- |
| | | | | २ न. वडा कार्यालय भवन मो.बा. मर्मत | वडा न. २ | १०००००।- |
| | | | | ददेरी खानेपानी टयाङ्गकी घेरावार | वडा न. २ | १०००००।- |
| | | | | स्वर्गद्धारीगेट गनाहा बंगलाचुली जोड्ने मो.बा.स्तरउन्नोती योजना -सडक बोर्ड नेपालको योजनामा साझेदारी रकम । | वडा न. २ | १०००००।- |
| ४ | राना चौपारी लोहोरेआँप गोरेटोबाटो निर्माण योजना | वडा न. ३ | ५००००।- | डाडाँवारी प्रतिक्षालय निर्माण योजना | वडा न. ३ | १०००००।- |

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

दिविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झगबहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | सजिकोट रानाटोल मोटरबाटो निर्माण योजना | वडा न. ३ | ५००००।- | | | |
| ६ | पल्लोखोला बुढिचौर खानेपानी योजना | वडा न. ५ | १५००००।- | बुढिचौर खानेपानी योजना | वडा न. ५ | १५००००।- |
| ७ | जुकेपानी-गरासिनी लिफ्ट खानेपानी | वडा न. ६ | १००००००।- | जुकेपानी-गरासिनी लिफ्ट खानेपानी तथा विधुत लाईन विस्तार | वडा न. ६ | १००००००।- |
| ८ | तल्लो किमिचौर मोटरबाटो निर्माण | वडा न. ६ | १०००००।- | तल्लो किमिचौर खानेपानी टंकी निर्माण | वडा न. ६ | १०००००।- |
| ९ | जंगले खानेपानी रिपाहाखोला टयांकी निर्माण | वडा. न. ४ | ५००००/- | हपुरखोला खानेपानी टयांकी निर्माण योजना | वडा. न. ४ | ५००००।- |

स्वास्थ्य तर्फका संशोधित कार्यक्रमहरु

| सि.नं. | स्वीकृत कार्यक्रम | रकम | सि.नं. | संसोधित कार्यक्रम | रकम |
|---|---|---|---|---|---|
| १ | आमा सुरक्षा कार्यक्रम संचार खर्च | ३६००० | ३९५ | जेष्ठ नागरिक आँखा स्वास्थ्य शिविर तथा मोतिविन्दु शल्यक्रिया, मासिक आँखा उपचार क्लिनिक संचालन संचालन तथा औषधि उपकरण खरिद कार्यक्रम | १८६००० |
| २ | प्रसुति सेवा प्रदायकहरूका लागी नाइट डिउटी प्रोत्साहन खर्च | ५०००० | ३९६ | विद्यालयमा स्वास्थ्य पोषण कार्यक्रम, स्वास्थ्य परिक्षण तथा स्क्रिनिङ्ग स्वास्थ्य फोकल शिक्षक/स्वास्थ्यकर्मी यातायात तथा खाजा खर्च | ५०००० |
| ३ | संस्थागत प्रसुति सेवा लिनेहरूका लागी पि.एन.सि. होम भिजिट, सेवा प्रदायकलाई यातायात खर्च कार्यक्रम | १२०००० | ४०८ | मासिक आर्युवेदिक क्लिनिक सेवा संचालन तथा औषधि खरिद कार्यक्रम | २००००० |



दिविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वडडाँडा प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

अंग बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | मोवाइल स्वास्थ्य कार्यक्रम अर्धवार्षिक समिक्षा तथा संचार खर्च | १८०००० | | | |
| ५ | स्वास्थ्य संस्थासम्म खोप तथा औषधि ढुवानी | ५०००० | | | |
| | जम्मा | ४३६००० | | | ४३६००० |

## निर्णय नं. १७. विविध सम्बन्धमा ।

- **सिप विकास तालिम सम्बन्धमा ( घरेलु )**

  लघु, घरेलु तथा उद्योग प्रवर्द्धन केन्द्र काठमान्डौको पत्र अनुसार अति विपन्न नागरिकका लागि सीपमूलक तालिमको विषय माग भएकोले आधारभूत कम्प्यूटर सम्बन्धि सिपमूलक तालिम माग गर्ने निर्णय गरियो ।

- **अपाङ्गता परिचयपत्र सम्बन्धमा ।**

  सरुमारानी गाउँपालिका वडा न. ५ को कार्यालयको च.न. ४६९ मिति २०८०।९।३ गतेको पास पत्र अनुसार सोही वडामा बस्ने श्रीमती बसन्ती सुनारले निजको छोरा अनुप सुनारले ख बर्गको अपाङ्गता परिचयपत्र प्रास गरेको र निजको अवस्था नाजुक हुदै गएकोले क बर्गको अपाङ्गता परिचय पत्र प्रासिको लागि माग भएकोमा उक्त निबेदन सम्बन्धित मन्त्रालयमा पठाउने निर्णय गरियो ।

- **रिक्त कर्मचारी पदपुर्ती सम्बन्धमा ।**

  यस सरुमारानी गाउँपालिका अन्तर्गत स्वास्थ्य संस्थामा रिक्त रहेको अ.न.मी पद(सहायक स्तर चौथो तह) को दुई पदमा पदपुर्ती प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

- **दर्भान प्रहरीचौकी रंगरोगन मर्मत सम्बन्धमा ।**

  सरुमारानी गाउँपालिका वडा न. २ मा रहेको ढुंगेगढी प्रहरी चौकी दर्भानको भवन रंगरोगन तथा मर्मत संभारको लागि बजेट उपलब्ध गराउने निर्णय गरियो ।

- **धानको न्यूनतम समर्थन मूल्य निर्धारण सम्बन्धमा ।**

यस गाउँपालिका र अन्तर्गत उत्पादन भएको युएस २२४५ जातको धानको समर्थन मूल्य नेपाल सरकारले तोके बमोजिम नै कायमराखी विक्री प्रकृया अगाडी बढाउने निर्णय गरियो ।



सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वडडाँडा प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

अंग बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

- अनाथ बालवालिका परिचयपत्र सम्बन्धमा ।

सरुमारानी गाउँपालिका वडा न. १ को मिति २०८०।०९।०६ च.न. ८०५ को पत्र अनुसार तपशिलका बालबालिकालाई सरुमारानी अनाथ बालवालिका मासिक भत्ता कार्यविधि २०७६ अनुसारको सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| सि.न. | नामथर | ठेगना | जन्ममिति | बाबुको नामथर | संरक्षकको नामथर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कविता के.सी | सरुमारानी-१ आटीटार | २०६८/०१/१८ | कमल बहादुर के.सी. | निर्मला कुवर-माईली आमा | बाबु १२ बर्षदेखी लापत्ता भएको आमा अन्यत्र बिबाह गरी गएको तर हाल मृत्यु भएको |

- हंशपुर स्वास्थ्य चौकीको एम्बुलेन्स मर्मत सम्बन्धमा ।

यस गाउँपालिका अन्तर्गत हंशपुर स्वास्थ्य चौकीको एम्बुलेन्सको तिन वटा टायर खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो

प्रमाणिकरण मिति २०८०/०९/२०

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

CamScanner